नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
नगर सन्देश वा:पौ(साप्ताहिक)
वर्ष १ ● अंक २१ ● ने.सं. ११४० चौलाथ्व १३ (त्रयोदशि) ● वि.सं. २०७६ चैत्र २४ गते, सोमबार ● 2020 April 6 Monday ● पृष्ठ ६
अनलाइन संस्करण

# कीनपाद्वारा ५० लाखको "आकस्मिक कोष" को व्यवस्था

## सहयोग गर्ने सबैसँग अपिल



कोरोना भाइरसको विश्वव्यापी महामारी फैलिरहेकोले गत चैत्र ११ गते देखि नै कीर्तिपुर लगायत पूरै नेपाल लकडाउन भैरहेको अवस्थामा पनि स्थानीय सरकार कीर्तिपुर नगरपालिकामा अत्यावश्यक दैनिकी कार्यहरू सञ्चालन भैरहेका छन् । यसै बीच चैत्र २१ गते शुक्रबार नगरपालिकाका मेयर रमेश महर्जनको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसेको छ। नगरपालिकाको आफ्नै भवन अमल्सिमा बसेको ६८ औं बैठकले गरेका मुख्य मुख्य निर्णयहरू प्रस्तुत गरिएको छ।

**निर्णय नं. १**

हाल विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सिर्जित असहज परिस्थितिको व्यवस्थापन र यसबाट पीडित एवं प्रभावित व्यक्तिहरूलाई मापदण्डबमोजिम राहत वितरण गर्नका लागि निम्न बमोजिम गर्ने गराउने,

क) कीर्तिपुर नगरपालिकाको "आकस्मिक कोष" सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत गर्ने।

ख) नेपाल सरकारले तयार गरेको नमूनामा आधारित रही बनाइएको "कीर्तिपुर नगरपालिकाको राहत वितरण मापदण्ड, २०७६" स्वीकृत गर्ने।

ग) यस नगरपालिकाले नेपाल भ्रमण वर्षको अवसरमा आयोजना गर्ने भनिएको "कीर्तिपुर महोत्सव, २०२०" स्थगित गरिएकाले उक्त महोत्सवका लागि विनियोजित रकम खर्च हुन नसक्ने हुँदा सोही शीर्षकबाट ५० लाख (अक्षेरुपी पचास लाख) नगरपालिकाको "आकस्मिक कोष" खडा गरी कीर्तिपुर स्थित राष्ट्रिय वाणिज्य बैंक (सञ्चित कोषको खाता भएको)मा आकस्मिक कोषको खाता खोली सञ्चालन गर्ने गराउने,

घ) उक्त आकस्मिक कोषको रकम अभिवृद्धि गर्न र सरोकारवाला एवं सहयोगी निकायहरूको सहभागिता बढाउनका लागि सो कोषमा स्वैच्छिक रुपमा सहयोग गर्नका लागि सार्वजनिक रुपमा आह्वान गर्ने।

ङ) आकस्मिक कोषमा रकम व्यवस्था गरी अत्यावश्यक राहत र सहयोग उपलब्ध गराउनका लागि नेपाल सरकारले तोकेबमोजिमको यस नगरपालिका अन्तर्गतका सबै कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकहरुको अधिकृत स्तरको ५ दिन र सहायक तथा श्रेणी विहिन कर्मचारीको ३ दिन बराबरको तलब आकस्मिक कोषमा जम्मा गर्ने गराउने र सो भन्दा बढी रकम जम्मा गर्न चाहेमा स्वैच्छिक रुपमा जम्मा गर्न आह्वान गर्ने,

*बाँकी पृष्ठ ३*

## सम्पादकीय

# राहत वितरण : स्वार्थ समूहको प्रभावमुक्त होस्

आज सिङ्गो विश्व कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण र उक्त सङ्क्रमणबाट भएको मृत्युबाट आक्रान्त छ। विश्वका सम्पूर्ण राष्ट्रहरू यस महामारीबाट आफ्नो राष्ट्र र आफ्नो नागरिकमात्र होइन, सम्पूर्ण विश्वलाई यसको सङ्क्रमण र सङ्क्रमणको कारण हुने मानव मृत्यु रोक्ने महायुद्धमा होमिएको छ। यसबीच आजसम्म विश्वभर यसको सङ्क्रमण १२ लाख भन्दा बढी व्यक्तिमा देखिएको छ भने ६९ हजार भन्दा बढीको मृत्यु भएको दुःखद् समाचार छ। यसै क्रममा नेपालले पनि पूरै राष्ट्रलाई लकडाउन गरी देश र देशबासीलाई कोभिड-१९को सङ्क्रमणबाट बचाउने भगीरथप्रयास गरिरहेको छ। आज लकडाउनका १४ औं दिनमा प्रवेश गरेको छ। यसबीच विदेशबाट फर्किएका र तिनको परिवारको एक सदस्यसहित ९ जनामा यसको सङ्क्रमित भेटिएको छ।

आज सङ्क्रमण विरुद्धको यस अभियानमा कीर्तिपुर नगरपालिका पनि होमिएको छ। यसको लागि गरिएको तयारी, सचेतना कार्यक्रम र सतर्कताले कीर्तिपुर नगर सङ्क्रमणको उच्च जोखिममा भएतापनि हालसम्म कसैलाई पनि भाइरस सङ्क्रमण भएको छैन। यो सम्पूर्ण नागरिकको साथ र सहयोगमा मात्र सम्भव भएको हो। यो खबर यो सङ्क्रमण र सन्त्रासको बीच पनि कीर्तिपुर र कीर्तिपुरबासीका लागि खुशीको कुरा हो। यसै क्रममा कीर्तिपुर नगरपालिकाको यही चैत्र २१ गते बसेको नगरकार्यपालिकाको बैठकले रु.५० लाख रुपैंयाको आकस्मिक कोष स्थापना गरेको छ। कीर्तिपुर नगर सन्देश परिवार सम्पूर्ण सहयोगी मन र हातहरूलाई उक्त कोषमा आफूले सक्दो सहयोग थप गरिदिनुभई नगरपालिकाको यस कार्यमा सहकार्य र ऐक्यवद्धता जनाइदिनुहुन समेत हार्दिक अपिल गर्दछ।

अन्त्यमा कोरोना भाइरसको माहामारी र यसको प्रभावका कारण कसैले पनि भोकै रहन नपरोस् भन्ने नेपाल सरकारको प्रयासकै अंशको रुपमा कीर्तिपुर नगरपालिकाले पनि वडा कार्यालयहरूमार्फत विभिन्न संघसंस्थाहरूसँगको सहकार्य र सहयोगमा राहतका कार्यक्रमहरू अगाडि सारेको छ। यस क्रममा नगरपालिका भित्र स्थायी वा अस्थायी रुपमा बस्ने राहतको आवश्यकता परेका सम्पूर्ण गरीव तथा असहाय सम्म उक्त राहत व्यवस्थित किसिमले पुगोस्, आवश्यक परेका कोही नछुटुन् र कसैले कुनै पहुँचका आधारमा मात्र दोहोर्‍याई तेहर्‍याई नपाऊन् भनी ध्यान पुर्‍याउन जरुरी छ। राहत वितरण कार्यक्रम कुनै पनि स्वार्थ समूहको प्रभावबाट मुक्त बनोस्। शुभकामना।

# "विश्व स्वास्थ्य सङ्गठनले बताएको कोरोना भाइरस सम्बन्धी १४ भ्रम" - १

**विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)द्वारा प्रकाशित जानकारीको नेपाली अनुवाद, साभार:संचार नेपाल डट कम**

कोरोना भाइरसका कारण विश्वभर १२ लाख ७४ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन् भने ६९ हजार ४ सय ८७ व्यक्तिको मृत्यु भइसकेको छ। यस्तो अवस्थामा पनि विश्वभर कोरोना भाइरसबाट बच्ने विषयमा विभिन्न हल्लाहरू फैलिइरहेका छन्। मानिसहरूका मनमा कैयौं कल्पनाहरू छन्। जस्तै-तातो पानीले नुहाउँदा कोरोनाबाट बचिन्छ, चिसोमा कोरोना भाइरस मर्दैन आदि। विश्व स्वास्थ्य सङ्गठन (डब्लूएचओ)ले यी कल्पना र हल्लाहरूलाई तोड्नको लागि निर्देशन जारी गरेको छ।

१. कोरोना भाइरस गर्मी वातावरणमा फैलिन्छ भन्ने कल्पना मात्र हो। कोरोना भाइरस जुनसुकै वातावरणमा फैलिन्छ। यसको लागि तातो वातावरण हुनु जरुरी छैन। डब्लूएचओले वातावरणमा ध्यान दिएर लापरवाही नगर्न र आफू पूरै तरिकाले सुरक्षित रहन भनेको छ। हातको सफाइ गरिरहनुहोस्। यो भाइरसले कुनै पनि वातावरणमा तपाईंलाई सङ्क्रमित गर्न सक्छ।

२. चिसो वातावरण र हिउँमा कोरोना भाइरस मर्दैन भन्ने पनि कोरा कल्पना हो। भाइरस कुनै पनि तापक्रममा मर्न सक्छ यदि उसको अनुकूल वातावरण भएन भने। सामान्य रुपमा मानव शरीरको तापक्रम ३६.५ देखि ३७ डिग्री सेन्टिग्रेड हुन्छ। यो तापक्रम बाहिरी वातावरणबाट धेरै प्रभावित हुँदैन।

३. तातो पानीले नुहाउँदा कोरोना फैलिँदैन भन्ने पनि कल्पना मात्र हो। कोरोना भाइरस तातो पानीमा पनि बाँच्न सक्छ। तपाईंको शरीरकै तापक्रम ३६.५ देखि ३७ डिग्री सेन्टिग्रेड हुन्छ। यदि धेरै तातो पानीले नुहाउनुभयो भने तपाईंको शरीर नै जल्न सक्छ तर कोरोना भाइरस मर्दैन।

४. कोरोना भाइरस लामखुट्टेबाट फैलिँदैन भन्ने पनि कल्पना मात्र हो। अहिलेसम्म डब्लूएचओले यो भाइरस लामखुट्टेबाट फैलिँदैन भन्ने तथ्य प्रमाणित गरेको छैन। कोरोना भाइरस श्वास प्रश्वास सम्बन्धी भाइरस हो। जो हावामा तैरिरहेका पानीका कणहरूबाट फैलिन्छ चाहे त्यो हाच्छ्युँ होस् वा खोकी। जब कसैले हाच्छ्युँ गर्छ वा खोक्छ उसको मुख र नाकबाट निस्कने थुकका थोपाबाट कोरोना भाइरस फैलिन्छ। त्यसैले हात सफा राख्नुहोस् र मास्क लगाउनुहोस्।

## मेरो धारणा

**कोरोना भाइरस लामखुट्टेबाट फैलिँदैन भन्ने पनि कल्पना मात्र हो। अहिलेसम्म डब्लूएचओले यो भाइरस लामखुट्टेबाट फैलिँदैन भन्ने तथ्य प्रमाणित गरेको छैन। कोरोना भाइरस श्वास प्रश्वास सम्बन्धी भाइरस हो। जो हावामा तैरिरहेका पानीका कणहरूबाट फैलिन्छ चाहे त्यो हाच्छ्युँ होस् वा खोकी। जब कसैले हाच्छ्युँ गर्छ वा खोक्छ उसको मुख र नाकबाट निस्कने थुकका थोपाबाट कोरोना भाइरस फैलिन्छ।**

५. ह्याण्ड ड्रायरबाट कोरोनाभाइरस मर्छ भन्ने पनि कल्पना मात्र हो। विश्व स्वास्थ्य सङ्गठनले स्पष्ट भनेको छ, ह्याण्ड ड्रायरबाट कोरोना मर्दैन। ह्याण्ड ड्रायर यो कामका लागि बनेकै होइन। ह्याण्ड ड्रायरले केवल चिसो हात सुकाउँछ। हातमा रहेका भाइरस वा ब्याक्टेरिया अल्कोहल बेस्ड सेनिटाइजरबाट धुँदा मात्र जान्छ वा साबुन पानीले राम्रोसँग हात धुनुहोस्।

६. अल्ट्राभ्वाइलेट ल्याम्पबाट कोरोना मर्छ भन्ने पनि कल्पना मात्र हो। अल्ट्राभ्वाइलेट ल्याम्पको प्रयोग शरीरमा गर्नु हुँदैन। अल्ट्राभ्वाइलेट रेडिएशनको कारणले छालामा जलन हुने समस्या हुन्छ। त्यसैले यसको प्रयोग नगर्नुहोस्। यसको प्रयोगले कोरोना भाइरबाट बचाउँदैन बरु अर्को स्वास्थ्य समस्या निम्त्याउँछ।

७. थर्मल स्क्यानरले कोरोना भाइरसको पुष्टि गर्छ भन्ने पनि कल्पना मात्र हो। तर यो भने सत्य हो कि यसले कोरोना भाइरस सङ्क्रमण भएको हुन सक्ने सङ्केत दिन भने निकै प्रभावकारी काम गर्छ। यसले शरीर नछोइ शरीरको तापक्रम बढेको जानकारी दिने हुनाले संक्रमित हुन सक्ने बलियो संकेत दिन्छ। भाइरस सङ्क्रमण भएको वा नभएको पुष्टि भने जाँचपछि मात्र हुन्छ।

*क्रमशः*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# सफाई मजदुरहरूलाई पिपिई हस्तान्तरण



कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले फोहोरमा प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने सफाई मजदुरहरूलाई पिपिई (Personal Protective Equipment)अर्थात सुरक्षित पोशाक हस्तान्तरण गर्नु भएको छ। अमल्सिस्थित कीर्तिपुर नगरपालिकाको भवनमा चैत्र २२ गते भएको एक कार्यक्रममा मेयर महर्जनले कीर्तिपुर नगरपालिका क्षेत्रभित्र फोहोरमैलामा कार्यरत चारवटा निजी संस्थाहरू कीर्तिपुर फोहोरमैला व्यवस्थापन सेवा प्रा.लि., क्लिन नेपाल, नेपाल स्वच्छ वातावरण सृजना केन्द्र र स्वच्छ वातावरण समितिमा कार्यरत सफाइकर्मीहरुलाई उक्त पिपिई हस्तान्तरण गर्नुभएको हो।

फोहोरमैला व्यवस्थापनमा कामगर्ने सफाइकर्मीहरुलाई व्यक्तिगत सुरक्षात्मक सामग्री उपलब्ध गर्ने विषयमा फोहोरमैला व्यवस्थापन संघ नेपाल (स्वामान)सँग समन्वय गरी गैर सरकारी संस्था गुथि र वाटर एडको सहयोगमा उक्त पिपिई उपलब्ध भएको हो। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले सो पिपिई हस्तान्तरण गर्नुहुँदै नियमित रुपमा आफू र नगरबासीहरूलाई समेत विश्वमाहामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९)को सङ्क्रमणबाट जोगाउनका लागि अनिवार्यरुपमा पिपिई लगाउन अनुरोध गर्नुका साथै सहयोग गर्नु हुने निकायहरूलाई धन्यवाद् समेत दिनु भयो।

गुथिका प्रकाश अमात्यले अतिजोखिम क्षेत्रमा काम गर्ने फोहोरमैला व्यवस्थापनमा कार्यरत सफाईकर्मीहरूको व्यक्तिगत सरसफाइ लगायत महामारीबाट बच्नका लागि काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र कीर्तिपुर नगरपालिकामा गरी जम्मा ५०० जना सफाइकर्मीहरूलाई सहयोग गर्ने कुरा बताउनु भयो।

हस्तान्तरण कार्यक्रममा कीर्तिपुर नगरपालिकाको स्वास्थ्य, वातावरण, वन तथा फोहोरमैला व्यवस्थापन समितिका संयोजक एवं कीर्तिपुर नगरपालिका वडा नं १ का अध्यक्ष हर्ष महर्जन, विपद् व्यवस्थापन समितिका संयोजक एवं वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन र फोहोरमैला व्यवस्थापन संघ नेपालका अध्यक्ष धन प्रसाद (ध्रुव) आचार्यले आ-आफ्नो मन्तव्य राख्नु भएको कार्यक्रम ज्ञानबज्र महर्जनले सञ्चालन गर्नु भएको थियो।

# कीनपाद्वारा ५० लाखको ...

च) राहत वितरण गर्दा दोहोरो नपर्ने गरी एक द्वार प्रणालीबाट वितरण गर्ने व्यवस्था मिलाउने,

<u>**निर्णय नं. २**</u>

कोरोना नियन्त्रण र रोकथामको कार्यमा खटिने जनप्रतिनिधि, स्वास्थ्यकर्मी लगायत व्यवस्थापकीय कार्यमा खटिने जनशक्तिलाई तपसिल बमोजिम हुने गरी थप सेवा सुविधाको व्यवस्था गरी परिचालन गर्ने,

**तपसिलः**

क) प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सबै चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरूलाई शुरु तलबमानको शतप्रतिशतले हुने रकम उपलब्ध गराउने,

ख) प्रकरण "क" मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने सबै प्राविधिक कर्मचारीलाई शुरु तलबमानको पचहत्तर प्रतिशतले हुने रकम उपलब्ध गराउने,

ग) प्रकरण "क" र "ख" को कार्यमा सहयोग गर्न खटिने अन्य सबै कर्मचारीलाई शुरु तलबमानको पचास प्रतिशतले हुने रकम उपलब्ध गराउने।

घ) प्रकरण "क", "ख" र "ग" बमोजिमको कार्यमा खटिने करारका जनशक्तिलाई समेत उपलब्ध गराउने।

ङ) कोरोना नियन्त्रण, रोकथाम, तथ्याङ्क सङ्कलन तथा राहत वितरण कार्यमा खटिने जनप्रतिनिधि तथा कर्मचारीहरूलाई समेत तलब स्केलको पचास प्रतिशत (जनप्रतिनिधिहरूको हकमा प्रदेश कानुन बमोजिम विगतमा उपलब्ध गराइएको मासिक सुविधालाई आधार मानी) उपलब्ध गराउने,

च) कोरोना रोकथाम, नियन्त्रण, उपचार तथा अन्य कार्यमा खटिनेक्रममा कोरोनाको सङ्क्रमण भएमा नगर पालिकाको तर्फबाट उपचार खर्च ब्यहोर्ने र मृत्यु भएमा रु. १०,००,००० |- बिमा वापत उपलब्ध गराउने।




**अस्थायी हिरासत** : कोरोना भाइरसबाट बच्न नेपाल सरकारले घोषणा गरेको नेपाल लकडाउन उल्लङ्घन गरेकाहरूलाई कीर्तिपुरको अमल्सि स्थित पाँगा दोबाटोमा बनाइएको अस्थायी हिरासतमा राख्दै। अस्थायी हिरासत नगाउँ दोबाटोमा पनि बनाइएको छ।

*तस्बिर : प्रताप महर्जन*

---

**कीर्तिपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: ०७६/०७७
च.नं.: ४३. ८५८६

२०७६/१२/१८
मिति: ..................

श्री ..................
कीर्तिपुर शाखा।

**विषय : बैंक संचालन गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा महामारीको फैलिइरहेको कोरोनाभाइरस (कोभिड-१९)को संक्रमण फैलन नदिनको लागि नेपाल सरकारबाटमिति २०७६/१२/११ गते विहान ६ बजेबाट लागु हुने गरी लकडाउन गरिएको विषयलाई मध्यनजर गरी कीर्तिपुर नगर क्षेत्रभित्रका सम्पूर्ण बैंकहरु तपसिल अनुसारको मिति, समयमा संचालन गरि सहयोग गरिदिनुहुन अनुरोध छ । साथै तल दिइएको मिति र समय क्रमिकरुमा एक हप्ताको अन्तरमा बैंक संचालन गरि दिनुहुन समेत अनुरोध छ।

| क्र.सं. | बैंकको नाम | समय | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | विहान १०:००-१२:०० | २०७६/१२/१९ | |
| २ | कृषि विकास बैंक | | | |
| ३ | राष्ट्रिय वाणिज्य बैंक | | | |
| ४ | एभरेष्ट बैंक | | | |
| ५ | नेपाल ईन्भेष्टमेण्ट बैंक | विहान १०:००-१२:०० | २०७६/१२/२० | |
| ६ | एनआइसि एशिया बैंक | | | |
| ७ | नेपाल बंगलादेश बैंक | | | |
| ८ | ग्लोबल आइएमई बैंक | | | |
| ९ | मुक्तिनाथ बैंक | विहान १०:००-१२:०० | २०७६/१२/२१ | |
| १० | सिभिल बैंक | | | |
| ११ | सिटिजन बैंक | | | |
| १२ | कुमारी बैंक | | | |
| १३ | ज्योति विकास बैंक | विहान १०:००-१२:०० | २०७६/१२/२३ | |
| १४ | सिद्धार्थ बैंक | | | |
| १५ | प्राइम बैंक | | | |
| १६ | प्रभु बैंक | | | |
| १७ | लक्ष्मी बैंक | विहान १०:००-१२:०० | २०७६/१२/२४ | |
| १८ | माच्छापुच्छ्रे बैंक | | | |
| १९ | नविल बैंक | | | |
| २० | जनता बैंक | | | |

*नोट : केही सल्लाह सुझाव भए नगरपालिकामा सम्पर्क गर्नु हुन अनुरोध छ।*

रमेश महर्जन
नगर प्रमुख

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, E-mail: ict.munkirtipur@gmail.com

---

## कीर्तिपुर नगरपालिकाको अनुरोध

कोरोना महामारीको सामना गर्न निम्न कुराहरू पालना गरिदिनु हुन सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ।

१. एउटा घरबाट एक जना मात्र बजारमा सामान किन्न निस्कनु हुन।

२. बजारमा सामानहरू (तरकारी आदि किन्दा) कम्तीमा पनि ३/४ दिनसम्म पुग्ने गरी किन्नु हुन।

३. बजारमा सामानहरू बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्ममा किनिसक्नु हुन।

**कीर्तिपुर नगरपालिका**
देवढोका, कीर्तिपुर

# हिजो आज संसार भरी

हिजो आज संसार भरी फैलियो कोरोना।
सबै मिली यही रोगको उल्मुलन गरौंन॥
साथी संगी भेट हुदाँ, हात नमिलाउनू।
एक मिटर टाढै रही, नमस्कार गर्नू॥
हिजो आज ...

यस्तो बेला सुरक्षित हुन, घरभित्रै बस्नू।
बाहिर जानु पर्ने भए, मास्कपञ्जा लाउनू॥
हिजो आज ...

हाच्छ्युं,खोकी लाग्दा, सधै नाक मुख छोप्नू।
मासुजन्य खाने कुरा, राम्ररी पकाएर खानू॥
हिजो आज ...

रुघाखोकी उच्च ज्वरो, थकाइ लाग्यो भने।
चेकजाँच गर्न स्वास्थ्य चौकी, डाक्टर कहाँ जाने॥
हिजो आज ...

हात मुखको सरसफाइमा, विशेष ध्यान दिनु।
ताजा फलफुल सागसब्जी, नियमित खाने गर्नू॥
हिजो आज ...

(लकडाउनको समयमा कीर्तिपुर नगरपालिका कृषि शाखा प्रमुख गणेश बहादुर थापा (थापा काजी)ले रचना गर्नु भएको प्रस्तुत कोरोना सम्बन्धी गीतमा लय् (संगीत) राख्न ईच्छुक व्यक्तिले सम्पर्क राख्नु हुन समेत अनुरोध छ।)

**सम्पर्क**

गणेश बहादुर थापा (थापा काजी), बुढीगंगा न.पा.- ५, बाजुरा
हालः कीर्तिपुर, नगरपालिका, काठमाण्डौ, सम्पर्क नं. ९८५१२३३३५५

## कीर्तिपुर नगरपालिकाको अनुरोध

मिति २०७६ चैत्र २४ गते देखि विदेशबाट आउनु भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गर्नका लागि स्वास्थ्य शाखाको समूह घर घरमै जाने भएको हुँदा आवश्यक सहकार्य र समन्वय गरिदिनु हुन हार्दिक अनुरोध छ।

अन्य जानकारीका लागि स्वास्थ्य शाखा प्रमुख श्री सन्तमान मानन्धर (९८४१३२९६०९) सँग सम्पर्क गर्नुहोला।

**कीर्तिपुर नगरपालिका**
**देवढोका, कीर्तिपुर**

## कीर्तिपुर नगरपालिकाको हार्दिक आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणबाट समस्त नेपालीहरुलाई बचाउन नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लक डाउन गरेको कारणबाट यस कीर्तिपुरमा बसोबास गर्ने दैनिक ज्यालामा काम गर्ने श्रमिक वर्ग तथा स्थानीयवासीलाई दैनिक जीवन यापनमा समेत समस्या देखिन आएको महशुस गरी नेपाल सरकारले कोहि पनि भोको नहोस् भन्ने अपेक्षा सहित राहतको कार्यक्रम घोषणा गरिसकेको सन्दर्भमा आवश्यक परिवारलाई खाद्यान्न /राहतको व्यवस्थापन गर्नका लागि कीर्तिपुर नगरपालिकाले रु.५० लाखबाट " आकस्मिक राहत कोष २०७६" स्थापना गरेको छ । सो कोषमा जम्मा हुने रकमको खर्च गर्ने कार्यविधि समेत तयार भैसकेकोले सहयोग गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, गैरआवासीय नेपाली, स्वदेशी विदेशी दाता निकाय, उद्योग, व्यवसायी, पेशाकर्मी, नागरिक समाज, संचार जगत, राजनैतिक दल, धार्मिक तथा परोपकारी संघसंस्था, निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरु लगायत आम सर्वसाधारणमा कीर्तिपुर नगरपालिका हार्दिक आह्वान गर्दछ। साथै विश्वव्यापी विपत्तिको यस घडिमा आर्थिक/ नगद सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, कीर्तिपुर शाखाको खाता नं.१७००३०४०३८३०३ मा नगद जम्मा गरिदिनुहुन र वस्तुगत वा खाद्य लगायतका सामग्री सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले नगरपालिकाको विपद् व्यवस्थापन शाखामा सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

सरस्वती रिजाल खड्का
उप-प्रमुख
सम्पर्क नं.९८५११९७८११

रमेश महर्जन
प्रमुख
सम्पर्क नं.९८५१०२५१२५

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने ईच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# कीर्तिपुरमा शहिद दिवस मनाइयो




प्रत्येक वर्ष चैत्र २० गते कीर्तिपुरमा मनाउँदै आइरहेको शहिद दिवस यस वर्ष समान्यरुपमा मात्र मनाइएको छ। कोरोना भाइरस विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कारण कीर्तिपुरसहित पूरै नेपाल लकडाउन भैरहेकोले शहिद दिवस पनि प्रभावित भएको हो।

उक्त दिन शहिद परिवारले शहिदको शालिकमा माल्यार्पण गरेको थियो भने कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन तथा कीर्तिपुर नगरपालिका वडा नं. १ का अध्यक्ष हर्ष महर्जन, २ का अध्यक्ष रमेशमान डंगोल, ३ का अध्यक्ष राजेन्द्र महर्जन, ९ का अध्यक्ष गंगाराम महर्जन तथा वडा नं. १० का अध्यक्ष अमन महर्जनले शहिदको शालिकमा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरेका थिए।

तत्कालिन निरङ्कुश पञ्चायती व्यवस्थाको विरोध गरी वि.सं. २०४६ सालमा भएको जन आन्दोलनका क्रममा चैत्र २० गते कीर्तिपुरको खा:सिबजारमा गोली चलाइएको थियो । गोली लागि राजेन्द्र महर्जन, राजमान माली, हिराकाजी महर्जन र लनबहादुर महर्जनले शहादत प्राप्त गरेका थिए । उक्त ठाउँमा चारै जना शहिदहरूको शालिक समेत प्रतिस्थापन गरिएको थियो।

सोही दिनको सम्झना गर्दै शहिद व्यवस्थापन समितिको आयोजनामा प्रत्येक वर्ष शहिदको शालिकमा माल्यार्पण गरी नगर परिक्रमा गरेर शहिद दिवस मनाउँदै आइरहेकोमा यसवर्ष सामान्य रुपमा मात्र मनाइएको थियो।



## कीर्तिपुर नगरपालिकाको

## अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि. सुपरिटेण्डेण्ट, विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com